प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

**कृषि ज्ञान केन्द्र, नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)**

गण्डकी प्रदेश, नेपाल

फोन नं.: ०७८-५४११५४

ई-मेलः akcnawalpur@gmail.co


## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

(प्रकाशित मितिः २०७७/१०/२०)

यस केन्द्रको आ.व. २०७७/७८ को स्वीकृत कार्यक्रम बमोजिम नवलपरासी (बर्दघाट-सुस्ता पूर्व) जिल्लामा तपसिलका कार्यक्रम संचालन गर्न ईच्छुक उल्लेखित शर्त पुरा गर्न सक्ने कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फार्म, कृषि कम्पनी र कृषि उद्यमी आदिको लागि सूचना प्रकाश भएको मितिले १५ दिन भित्र (मिति २०७७/११/०४ सम्म) गतेसम्म तोकिएको ढाँचामा निवेदन र परियोजना प्रस्ताव सहित देहाय अनुसारका कागजातहरु यस केन्द्रमा पेश गर्न सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र सं | कार्यक्रमको नाम | आवेदन पेश गर्न सक्ने व्यक्ति/संस्था | न्यूनतम शर्त तथा उपलब्ध हुने अनुदान |
|---|---|---|---|
| १ | व्यवसायिक फलफूल खेती कार्यक्रम | कृषि फर्म, कृषि कम्पनी, कृषक समूह, कृषि सहकारी | • फलफूल खेती गर्न ईच्छुक कृषकले कम्तीमा पनि ३ रोपनी क्षेत्रफलमा व्यवसायिक खेती गर्नु पर्ने । <br>• प्रति रोपनी रु. ५ हजारका दरले अनुदान प्राप्त हुन सक्ने |
| २ | बाँझो जग्गामा व्यवसायिक खेती प्रोत्साहन कार्यक्रम | कृषक, कृषि फर्म, कृषि कम्पनी, कृषक समूह, कृषि सहकारी | • विविध कारणले कम्तिमा ३ वर्ष देखि बाँझो रहेको, न्यूनतम ३ रोपनी क्षेत्रफल भएको जग्गा हुनु पर्ने । <br>• स्थलगत अनुगमनको आधारमा बाँझो जमिनमा खेती गरेवापत प्रति रोपनी क्षेत्रफल रु. ३,०००/- अनुदान उपलब्ध गराईनेछ । |
| ३ | बीउ उत्पादन सहयोग कार्यक्रम | कृषि फर्म,कृषि कम्पनी, कृषक समुह र कृषक सहकारी | • मूल बीउ उत्पादन गर्ने हकमा सम्बन्धित निकायबाट अनुमति लिएको हुनु पर्ने <br>• बीउ उत्पादनका लागि आवश्यक पर्ने बीउ,बीपादी, प्राङ्गारिक मल, कृषि औजार लगायतका सामाग्रीहरुमा ५० प्रतिशत अनुदानमा उपलब्ध हुनेछ । |

देहाय

- रु. १० को टिकट टाँस गरी तोकिए बमोजिमको ढाँचाको निवेदन सहितको प्रस्तावना।
- संस्थाको दर्ता/नविकरण प्रमाणपत्र ।
- PAN/VAT दर्ता प्रमाण पत्र ।
- अघिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्र ।
- समूह, सहकारीको हकमा संस्था सञ्चालक समितिको वैठक निर्णयको प्रतिलिपि तथा अघिल्लो आ.व. को लेखा परिक्षण प्रतिवेदन ।
- अघिल्लो दुई आर्थिक बर्षमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरेको वा नगरेको स्वघोषणा पत्र ।
- स्थानीय तहको कृषि शाखा वा वडा कार्यालयको कार्यक्रम सञ्चालनमा दोहोरो नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोराको सिफारिस पत्र।
- प्रस्तावित आयोजना संचालन हुने क्षेत्रको जग्गाको लालपुर्जाको प्रतिलिपि वा जग्गा करारमा लिई कार्यक्रम संचालन गर्ने हकमा न्यूनतम १० वर्षको लागि प्रचलित कानुन बमोजिम भएको करार सम्झौताको प्रतिलिपि ।

*पुनश्चः बाँझो जग्गामा व्यवसायिक खेती प्रोत्साहन कार्यक्रमको लागि कृषकको हकमा नागरिकताको प्रमाण पत्र,स्थायीलेखा नम्वर, तरकारी लगाउने लालपुर्जाको प्रतिलिपि तथा बाँझो जग्गा भाडामा लिएको अवस्थामा १० वर्षको करार सम्झौताको प्रतिलिपि पेश गर्नु पर्ने छ।*

**थप जानकारी तथा सम्पर्कको लागि**


कृषि ज्ञान केन्द्र, नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)

ठेगानाः कावासोती न.पा.-८, धौलागिरी चोक, नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)

फोनः०७८-५४११५४, ९८४५२०३५४१ (शंकर पौडेल, बागवानी विकास अधिकृत)

९८५५०५३२४८ (गिरा चौधरी, बाली संरक्षण अधिकृत)

इमेलः akcnawalpur@gmail.com

फेसबुकः facebook.com/krishigyankendranawalpur


गोपाल शर्मा अधिकारी

प्रमुख

सूचना प्र. शाखा

सम्पूर्ण सम्बन्धित नगरवासीहरुमा जानकारीका लागि नगरको वेभसाइटमा प्रकाशित गर्नु।

०७७/१०/२१